# टोल विकास संस्था सञ्चालन कार्यविधि– २०७७

| | |
|---|---|
| गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत | मिति : २०७७/०८/१९ |

चौविसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धनकुटा

चौविसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

**चौविसे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
१ नं. प्रदेश धनकुटा
नेपाल

आज्ञाले
जितमान डिमी
प्र.प्र.अ.

# टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७७

## १. भूमिका

सामुदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास, स्थानीयस्तरमा सुशासन प्रवर्द्धन गर्न चौविसे गाउँपालिकाको शहरी बस्तीहरुमा, निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानीय सरकारको मातहतमा रहने गरी गठन गरिने टोल विकास संस्था र सो संस्थाको कामलाई व्यवस्थित गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चौबिसे गाउँपालिकाले मिति २०७७।०८।१९ गतेमा स्वीकृत गरी यो कार्यविधि कार्यान्वयनमा ल्याइएको छ ।

## २. उदेश्य

टोल विकास संस्था गठन गर्नुको मुख्य उदेश्यहरु निम्नानुसार छन् ।

क) बस्ती टोलस्तरमा सबै विकासको निर्माणलाई एकद्धार प्रणालीबाट टोल विकास संस्थालाई विकास गर्दै विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

ख) टोल,बस्तीस्तरमा विभिन्न तहबाट प्रवाह हुने सेवामा टोलवासीको पहुँचमा अभिबृद्धि गरिनेछ ।

ग) टोलबासीहरुमा उद्यमशिलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना, विकास र प्रवर्द्धन गर्ने ।

घ) टोल बस्तीस्तरमा समताको भावनाको विकास गर्दै सामाजिक न्याय लैङ्गिक हिँसा आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने ।

ङ) आर्थिक, सामाजिक सवालमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गरिनेछ ।

च) टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने ।

छ) टोल विकास संस्थालाई वडाभन्दा तल्लो इकाइको रुपमा विकास गरी सहभागीतात्मक योजना तर्जुमा, अनुगमन एवम् मूल्याङ्कन प्रक्रियामा सहभागी गराइनेछ।

ज) टोल विकास समुहको माध्यमबाट आयमूलक, उत्पादनमूलक र रोजगारमूलक कार्यक्रम सिर्जना गरिनेछ ।

झ) वातावरणमैत्री सफा सुन्दर कृषि, पशु र पर्यटनमैत्री ढङ्गबाट विकास गरिनेछ ।

ञ) गुणस्तरिय जीवनोपयोगी शिक्षा र सुरक्षित स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा समुदायको माध्यमबाट परिचालन गरिनेछ ।

ट) प्रत्येक घरमा हरेक क्रियाकलापहरुको सहभागिता मुल्याकंन अभिलेख राख्न पासबुक वितरण गरिनेछ ।

ठ) स्थानीय सरकारको नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयनमा जोड दिइनेछ ।

ड) हरेक विकासको निर्माणमा युवा लक्षित बनाइनेछ ।

ढ) कुलत र दुर्व्यसनलाई न्युनीकरण गर्ने ।

ण) टोल विकास समितिले निर्णय गरेको सार्वजनिक महत्वका श्रम कार्यहरुमा सहभागी नहुनेहरुलाई सेवा सुविधाबाट बञ्चित गरिनेछ । तर बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएकाहरुलाई छुट दिइनेछ ।

## ३. टोल विकास संस्थाको गठन

टोल विकास संस्थाको गठन देहाय बमोजिम हुनेछ ।

प्रशासकीय अधिकृत

क) गाउँपालिका क्षेत्रका बस्तीहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

ख) पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास समितिको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष र सबै घरधुरीका सदस्यहरु रहेको एक टोल विकास समिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा प्रजातान्त्रिक प्रकृया बमोजिम बहुमतबाट गठन हुनेछ । टोल विकास कार्य समितिको अवधि तिन (३) वर्षको हुनेछ ।

ग) टोल विकास संस्था गठन गर्दा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

घ) टोल विकास संस्था संञ्चालन गर्न तथा व्यवस्थित गर्न एक कार्य समिति गठन गर्नुपर्नेछ।

ङ) कार्य समिति १३ देखि १९ जनाको रहनेछ।

च) कार्य समिति गठन गर्दा भूगोल, क्षेत्र, जातजाति र समावेशी हुनुपर्नेछ।

छ) कार्य समितिमा कम्तीमा ३३% महिला हुनुपर्नेछ।

ज) कार्य समितिको बैठक मासिक रुपमा बस्नु पर्नेछ।

झ) टोल विकास समितिको बैठक त्रैमासिक रुपमा बसी कार्य समितिले गरेका निर्णयलाई अनुमोदन र छलफल गर्नुपर्नेछ

ञ) कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एकजना अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

ट) टोल विकास संस्था गठन गर्दा टोलका सम्पुर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्दछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरु मध्ये कम्तिमा ५० प्रतिशत महिला आवद्ध गराउनुपर्नेछ ।

ठ) मिति २०७४।११।२७ गते नेपाल सरकारले राज्यपुर्नस्थापना गरेपश्चात साविकका गाविसहरु चौबिसे गाउँपालिकामा रुपान्तरण भएकाले गत विगतमा टोल विकास संस्था गठन, दर्ता र गाउँपालिकामा सूचिकृत भएकोले उक्त संस्थाहरुलाई गाउँकार्यपालिकाको निर्णय अनुसार पुनः गाउँपालिकामा दर्ता गर्नुपर्नेछ ।

ड) टोल विकास संस्थाको व्यवस्थापन ढाँचालाई स्पष्ट गर्न ***अनुसूची-१*** मा उल्लेखित नमुना विधानका आधारमा टोल विकास संस्थाको विधान तयार गर्नुपर्नेछ ।

ढ) समन्वय र मेलमिलाप कायम गराउँदै सामाजिक ऐक्यवद्धता कायम गर्ने ।

## ४. टोल विकास संस्थाको काम

टोल विकास संस्थाले आफ्नो टोल क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछ:

क) टोलमा धनी गरितको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने ।

ख) विभिन्न सरकारी एवं गैर सरकारी संस्थाहरुसँग सम्बन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने ।

ग) टोलमा उद्यम विकाससँग सम्बन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।

घ) टोलमा सडक ढल लगायतका पूर्वाधारको सरसफाई तथा गाउँपालिकाको सहमतीमा संस्थाको निर्णयानुसार सेवा शुल्क लिने ।

ङ) टोलको विकासका लागि विभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम सदुपयोग गर्ने ।

च) टोलको सामुहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना तर्जुमा गर्ने ।

छ) अन्धविश्वास,महिला पुरुष हिंसा, हत्या, विभेद, बाल विवाह, बहु विवाह जस्ता सामाजिक समस्याको विकृती पहिचान गरी सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

ज) आफ्नो टोलमा भएको विद्यालय जान उमेरे पुगेका बालबालिका विद्यालयमा भर्ना गराई गुणस्तरको विषयमाअनुभव छलफल / अन्तरक्रिया गर्ने ।

झ) आफ्नो टोलमा भएका गर्भवती र महिला समस्या लगायत स्वास्थ्य सेवा सम्बन्धि अन्तरसमन्वय गर्ने ।

ञ) टोलको खानेपानी/शौचालय/विद्यालय/बाटो/सडक मर्मत सम्भार सरसफाई सम्बन्धि संरक्षण गर्ने र गरेको कामको रेकर्ड राख्ने ।

ट) टोल विकास संस्थाका सदस्य तथा युवाहरुलाई बाजो जमिनको सदुपयोग गरी कृषि पशुपालन गर्न उत्प्रेरित गर्ने ।

ठ) भाषा, संस्कार, संस्कृतिको प्रवर्द्धन र संरक्षणको क्रियाकलाप गर्ने ।

ड) आफ्नै घर, टोल, बजारको सरसफाई गर्ने ।

ढ) न्यायको पहुँचबाट बाहिर रहेको समुदाय वा व्यक्तिलाई सामाजिक न्याय प्रदान गर्ने ।

ण) विपद जोखिम न्युनीकरण व्यवस्थापन सम्बन्धि अन्तरक्रिया गर्ने ।

त) विभिन्न सरुवा रोग र दीर्घ रोग सम्बन्धि छलफल जानकारी गराउने ।

थ) स्थानीय सरकारबाट पाउने सेवा सुविधा बारे जानकारी गराउदै गुणस्तरीय प्रभावकारी बनाउने ।

द) सामाजिक भावनाको विकास गराउदै सामाजिक समावेशी नेतृत्व गराउने ।

ध) वैदेशिक रोजगार सम्बन्धि सूचनाको व्यवस्थापन र समस्या बारे छलफल जानकारी गराउने ।

न) टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधि गर्न सूचना अभिलेख राख्ने ।

प)सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडामा सिफारिस गर्ने ।

फ) टोलमा विभिन्न सरकारी तथा गैरसरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरु टोल विकास संस्था मार्फत संचालन हुने वातावरण सिर्जना गरी सहयोग र अनुगमन गर्ने ।

ब)आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने ।

भ) टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता तथा लक्षित वर्ग आदि सामाजिक सरोकारका विषयमा चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

य) टोलमा रहेका सार्वजनिक, पर्ति, ऐलानी आदि जग्गाको संरक्षणमा यस गाउँपालिकालाई सहयोग गर्ने ।

र) चौबिसे गाउँपालिकाको राजश्व परिचालनका लागि सहयोग प्रदान गर्ने ।

ल) संस्थामा प्राप्त रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखा परिक्षण गराउने ।

व) स्थानीय सरकारले गरेका निर्णयहरुको सफल कार्यान्वयनमा सहयोग गर्ने ।

ष) समुह समुदायहरुको जिविकोपार्जन, आयमूलक, उत्पादनमूलक, रोजगारमूलक क्रियाकलापमा लगानी तथा काम गर्ने ।

स) टोलको विकासको सहजताको लागि विविध विषयको उपसमिति गठन गर्ने ।

श) समितिको बैठकमा निर्वाचित जनप्रतिनिधीहरु लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

ह) माथि उल्लिखित बुँदाको हकमा सोही अनुसार र अन्यको हकमा गाउँपालिकासँग आपसी समझदारीमा दिगो तथा बहुआयामिक, सकारात्मक, रचनात्मक आदि कार्यहरु गर्ने ।

क्ष) बचतको विकास गर्ने ।

त्र) प्रत्येक सदस्यको विवरण पासबुकमा रेकर्ड राख्ने ।

## ५. दर्ता/सूचिकृत

टोल विकास संस्थाको दर्ता/सूचिकृत देहाय बमोजिम हुनेछः

प्रमुख प्रशासकीय अधिकृत

क) टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई सम्बन्धित गाउँपालिकाले दर्ता/सूचिकृत गर्नेछ । टोल विकास संस्थालाई गाउँपालिकामा दर्ता/सूचिकृत गर्दा पेश गर्ने निवेदनको नमुना ***अनुसूचि-२*** मा उल्लेख गरिएको छ । टोल विकास संस्थाबाट निर्णय गरी दर्ताका लागि निवेदन पेश गरेमा सम्बन्धित गाउँपालिका ***अनुसूचि-३*** बमोजिमको टोलविकास संस्था दर्ता प्रमाण-पत्र प्रदान गर्नुपर्नेछ ।

ख) टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्वेश्यविपरीत कुनै काम गरेमा वा प्रचलित कानूनले गर्न नपाउने कार्य गरेमा गाउँपालिकाले टोल विकास संस्थाको दर्ता खारेज गर्न सक्नेछ र खारेजी भएको टोलमा वडाको अगुवाइ वा वडामा निर्वाचित जनप्रतिनिधीहरुको रोहवरमा मात्र सो वस्तीमा नयाँ टोल विकास संस्था गठन हुनेछ ।

## ६. टोल विकास संस्थाका कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

टोल विकास संस्थाका कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

### क) अध्यक्ष

१.संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।
२. बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।
३. बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।
४. छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।
५. निर्णयहरु लागु गर्ने र गर्न लगाउने ।
६. विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।
७. संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।
८. विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।
९. कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

### ख) उपाध्यक्ष

१. अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।
२. अध्यक्षको काम तथा जिम्मेवारीमा सक्रियताका साथ सहयोग गर्ने ।

### ग) सचिव

१. अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने ।
२. एक तिहाइ सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने ।
३. बैठक पुस्तिकामा उपस्थिति गराउने ।
४. छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।
५. संस्थाको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने ।
६. तोकिएको अन्य कार्य गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

चौबिसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

**घ) सहसचिव**

१. सचिवको अनुपस्थितिमा बैठकको सचिवले गर्ने काम कारवाही गर्ने ।
२. सचिवलाई सक्रियताका साथ सहयोग गर्ने ।

**ङ) कोषाध्यक्ष**

१. संस्थाको आम्दानी र खर्चको विवरण तयार गर्ने ।
२. खर्चको लेखापरिक्षण गराउने ।
३. बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने ।
४. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।
५. संस्थाले दिएको अन्य जिम्मेवारी बहन गर्ने ।

**च)सदस्यहरु**

१. चौबिसे गाउँपालिकासँग भएको साझेदारी पत्रमा उल्लेखित शर्त अनुसार गर्नु पर्ने कामहरु गर्ने ।
२. संस्थाको हिसाब किताब जाँच गर्ने ।
३. संस्थाका पदाधिकारीहरुले गरेका कामहरुको मूल्याङ्कन नियमित रुपमा गर्ने ।
४. आवश्यकता अनुसार संस्था सञ्चालनका लागि नीति नियमहरु बनाउने र सो नियमहरु पालन भए नभएको हेर्ने ।
५. आवश्यकता अनुसार अध्यक्ष, सचिव र कोषाध्यक्षहरुलाई सघाउने ।
६. तोकिएको अन्य कार्यहरु गर्ने ।

**७. आर्थिक व्यवस्थापन**

संस्थाको आम्दानी, खर्च, नाफा, लेखा, लेखापरिक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछ ।

**क) संस्थाको आम्दानी**

१. विभिन्न सरकारी तथा गैर सरकारी निकाय/तहहरु, विभिन्न सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान ।
२. टोल विकास संस्थाले आयमुलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी ।
३. संस्थाको विकास निर्माणको लागि टोल विकास कोषको रुपमा टोल विकास संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयानुसार छुट्याउने रकम ।
४. संस्थाले अन्य स्रोतबाट जम्मा गरेको रकम ।

**ख) खर्च**

१. संस्थाको विकास निर्माणको लागि टोल विकास कोषको रकम संस्थाको निर्णयानुसार खर्च हुनेछ ।
२. संस्था सञ्चालन, व्यवस्थापन र लेखापरिक्षणका लागि गर्नुपर्ने खर्चहरु टोल विकास संस्थाको नीति नियम बमोजिम खर्च हुनेछ ।

**ग) नाफा**

१. टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ ।
२. नाफा संस्थाको निर्णय अनुसार टोलको विकासका लागि खर्च गरिनेछ ।

**घ) लेखा**

प्रमुख प्रशासकीय अधिकृत

संस्थाको लेखा देहाय बमोजिम हुनेछ ।

१. कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पुर्ण विकास खर्चको विवरण, संस्थाको सञ्चालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्नेछ ।

२. कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास संस्थाको बैठकमा पेश गर्नुपर्दछ ।

### ङ) लेखापरिक्षण

संस्थाको लेखा परिक्षण देहाय बमोजिम हुनेछ ।

१. संस्थाको सिफारिसमा गा.पा. ले नियुत्त गरेको लेखापरीक्षकबाट लेखा परीक्षण गराउनुपर्नेछ ।

२. आवश्यकता अनुसार गाउँपालिकाले पनि संस्थाको आम्दानी खर्चको लेखापरीक्षण गर्न सक्नेछ ।

३. संस्थाले आफ्नो वार्षिक लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित गाउँपालिकामा समेत पेश गर्नुपर्नेछ ।

## ८. विविध

क) यो कार्यविधि प्रचलित नेपालको ऐन नियमहरुसँग बाझिएमा बाझिएको बुँदाहरु स्वतः खारेज हुनेछन ।

ख) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा सोको गाउँ कार्यपालिका बैठक तथा गाउँ सभाको निर्णयानुसार फुकाइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-१

## ............................................टोल विकास संस्थाको विधान

**प्रस्तावनाः**

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै गाउँपालिकाको सामाजिक तथा आर्थिक व्यवस्थालाई एक अर्काको परिपूरकको रुपमा विकसित गरी गरिबी न्युनीकरणका प्रयासमा ठोस योगदान पुर्याउने, सहभागितात्मक योजना तर्जुमा गर्ने तथा आफ्नो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न यो .............................टोल विकास संस्था स्थापना गरी सञ्चालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको छ ।

**१. प्रारम्भिकः**

संक्षिप्त नाम र प्रारम्भ

क) यो विधान ....................................टोल विकास संस्थाको विधान हुनेछ ।

ख) यो संस्थाको नाम र ठेगाना .........................हुनेछ ।

ग) यो विधान .........................टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

घ) यस संस्थाको कार्यालय ..............मा हुनेछ ।

ङ) यस संस्थाको सिमाना देहाय बमोजिम हुनेछ ।

पूर्व...................................पश्चिम.................................

उत्तर.................................दक्षिण.................................

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः

१. "संस्था" भन्नाले .............................टोल विकास संस्थालाई सम्झनुपर्दछ ।

२. "विधान भन्नाले ............................. टोल विकास संस्थाको विधानलाई सम्झनुपर्दछ ।

३. " साधारणसभा" भन्नाले ......................... टोल विकास संस्थाको साधारण सदस्यहरुको भेलालाई सम्झनुपर्दछ ।

४. "समिति" भन्नाले ............................... टोल विकास संस्थाको कार्यसमितिलाई सम्झनुपर्दछ ।

५. "बैठक" भन्नाले ...................... टोल विकास संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठकलाई सम्झनुपर्दछ ।

६. "पदाधिकारी" भन्नाले .....................टोल विकास संस्थाको कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, सहचिव कोषाध्यक्ष र सदस्यहरुलाई जनाउदछ ।

**३. संगठित संस्था हुनेः**

१. संस्थाको आफ्नो छुट्टै छाप हुनेछ । साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

२. संस्थाले चल-अचल सम्पत्ती प्राप्त गर्न उपभोग गर्न सक्नेछ । तर संस्थाले आफ्नो अचल सम्पत्ती बिक्री गर्न भने पाउने छैन । संस्था विघटन भए सो संस्थाको सम्पूर्ण चल अचल सम्पत्ती गाउँपालिकामा हस्तान्तरण हुनेछ ।

**४. संस्थाका उदेश्यहरुः**

संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उदेश्य हुनेछ ।

क) बस्ती टोलस्तरमा सबै विकासको निर्माणलाई एकद्धार प्रणालीबाट टोल विकास संस्थालाई विकास गर्दै विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

ख) टोल,बस्तीस्तरमा विभिन्न तहबाट प्रवाह हुने सेवामा टोलवासीको पहुँचमा अभिबृद्धि गरिनेछ ।

ग) टोलबासीहरुमा उद्यमशिलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना, विकास र प्रवर्द्धन गर्ने ।

घ) टोल बस्तीस्तरमा समताको भावनाको विकास गर्दै सामाजिक न्याय लैङ्गिक हिँसा आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गरिनेछ ।

ङ) आर्थिक, सामाजिक सवालमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गरिनेछ ।

च) टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने ।

छ) टोल विकास संस्थालाई वडाभन्दा तल्लो इकाइको रुपमा विकास गरी सहभागीतात्मक योजना तर्जुमा, अनुगमन एवम् मूल्याङ्कन प्रक्रियामा सहभागी गराइनेछ।

ज) टोल विकास समुहको माध्यमबाट आयमूलक, उत्पादनमूलक र रोजगारमूलक कार्यक्रम सिर्जना गरिनेछ ।

झ) वातावरणमैत्री सफा सुन्दर कृषि, पशु र पर्यटनमैत्री ढङ्गबाट विकास गरिनेछ ।

ञ) गुणस्तरिय जीवनोपयोगी शिक्षा र सुरक्षित स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा समुदायको माध्यमबाट परिचालन गरिनेछ ।

ट) प्रत्येक घरमा हरेक क्रियाकलापहरुको सहभागिता मुल्यांकन अभिलेख राख्न पासबुक वितरण गरिनेछ ।

ठ) स्थानीय सरकारको नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयनमा जोड दिइनेछ ।

ड) हरेक विकासको निर्माणमा युवा लक्षित बनाइनेछ ।

ढ) कुलत र दुर्व्यसनलाई न्युनीकरण गर्ने ।

ण) टोल बिकास समितिले निर्णय गरेको सार्वजनिक महत्वका श्रम कार्यहरुमा सहभागी नहुनेहरुलाई सेवा सुविधाबाट बञ्चित गरिनेछ । तर बादबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएकाहरुलाई छुट दिइनेछ ।

**५. टोल विकास कार्य समितिको गठनः**

टोलविकास संस्थाको गठन देहाय बमोजिम हुनेछः

क) गाउँपालिका क्षेत्रका बस्तीहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

ख) पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास समितिको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष र सबै घरधुरीका सदस्यहरु रहेको एक टोल विकास समिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा प्रजातान्त्रिक प्रकृया बमोजिम बहुमतबाट गठन हुनेछ । टोल विकास कार्य समितिको अवधि तिन (३) वर्षको हुनेछ ।

ग) टोल विकास संस्था गठन गर्दा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

घ) टोल विकास संस्था सञ्चालन गर्न तथा व्यवस्थित गर्न एक कार्य समिति गठन गर्नुपर्नेछ।

ङ) कार्य समिति १३ देखि १९ जनाको रहनेछ।

च) कार्य समिति गठन गर्दा भूगोल, क्षेत्र, जातजाति र समावेशी हुनुपर्नेछ।

छ) कार्य समितिमा कम्तीमा ३३% महिला हुनुपर्नेछ।

ज) कार्य समितिको बैठक मासिक रुपमा बस्नु पर्नेछ।

झ) टोल विकास समितिको बैठक त्रैमासिक रुपमा बसी कार्य समितिले गरेका निर्णयलाई अनुमोदन र छलफल गर्नुपर्नेछ

ञ) कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एकजना अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

ट) टोल विकास संस्था गठन गर्दा टोलका सम्पुर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्दछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरु मध्ये कम्तिमा ५० प्रतिशत महिला आवद्ध गराउनुपर्नेछ ।

ठ) मिति २०७४।११।२७ गते नेपाल सरकारले राज्यपुर्नस्थापना गरेपश्चात साविकका गाविसहरु चौबिसे गाउँपालिकामा रुपान्तरण भएकाले गत विगतमा टोल विकास संस्था गठन, दर्ता र गाउँपालिकामा सूचिकृत भएकोले उक्त संस्थाहरुलाई गाउँकार्यपालिकाको निर्णय अनुसार पुनः गाउँपालिकामा दर्ता गर्नुपर्नेछ ।

ड) टोल विकास संस्थाको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्न ***अनुसूची-१*** मा उल्लेखित नमुना विधानका आधारमा टोल विकास संस्थाको विधान तयार गर्नुपर्नेछ ।

ढ) समन्वय र मेलमिलाप कायम गराउँदै सामाजिक ऐक्यवद्धता कायम गर्ने ।

**६. टोल विकास संस्थाको कार्यहरुः**

टोल विकास संस्थाका कार्यहरु देहाय बमोजिम हुनेछन ।

क) टोलमा धनी गरिवको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने ।

ख) विभिन्न सरकारी एवं गैर सरकारी संस्थाहरुसँग सम्बन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने ।

ग) टोलमा उद्यम विकाससँग सम्बन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।

घ) टोलमा सडक ढल लगायतका पूर्वाधारको सरसफाई तथा गाउँपालिकाको सहमतीमा संस्थाको निर्णयानुसार सेवा शुल्क लिने ।

ङ) टोलको विकासका लागि विभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम सदुपयोग गर्ने ।

च) टोलको सामुहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना तर्जुमा गर्ने ।

छ) अन्धविश्वास,महिला पुरुष हिंसा, हत्या, विभेद, बाल विवाह, बहु विवाह जस्ता सामाजिक समस्याको विकृती पहिचान गरी सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने ।

ज) आफ्नो टोलमा भएको विद्यालय जान उमेर पुगेका बालबालिका विद्यालयमा भर्ना गराई गुणस्तरको विषयमाअनुभव छलफल / अन्तरक्रिया गर्ने ।

झ) आफ्नो टोलमा भएका गर्भवती र महिला समस्या लगायत स्वास्थ्य सेवा सम्बन्धि अन्तरसमन्वय गर्ने ।

ञ) टोलको खानेपानी/शौचालय/विद्यालय/बाटो/सडक मर्मत सम्भार सरसफाई सम्बन्धि संरक्षण गर्ने र गरेको कामको रेकर्ड राख्ने ।

ट) टोल विकास संस्थाका सदस्य तथा युवाहरुलाई बाजो जमिनको सदुपयोग गरी कृषि पशुपालन गर्न उत्प्रेरित गर्ने ।

ठ) भाषा, संस्कार, संस्कृतिको प्रवर्द्धन र संरक्षणको क्रियाकलाप गर्ने ।

ड) आफ्नै घर, टोल, बजारको सरसफाई गर्ने ।

ढ) न्यायको पहुँचबाट बाहिर रहेको समुदाय वा व्यक्तिलाई सामाजिक न्याय प्रदान गर्ने ।

ण) विपद जोखिम न्युनीकरण व्यवस्थापन सम्बन्धि अन्तरक्रिया गर्ने ।

त) विभिन्न सरुवा रोग र दीर्घ रोग सम्बन्धि छलफल जानकारी गराउने ।

थ) स्थानीय सरकारबाट पाउने सेवा सुविधा बारे जानकारी गराउदै गुणस्तरीय प्रभावकारी बनाउने ।

द) सामाजिक भावनाको विकास गराउदै सामाजिक समावेशी नेतृत्व गराउने ।

ध) वैदेशिक रोजगार सम्बन्धि सूचनाको व्यवस्थापन र समस्या बारे छलफल जानकारी गराउने ।

न) टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधि गर्न सूचना अभिलेख राख्ने ।

प)सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडामा सिफारिस गर्ने ।

फ) टोलमा विभिन्न सरकारी तथा गैरसरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरु टोल विकास संस्था मार्फत संचालन हुने वातावरण सिर्जना गरी सहयोग र अनुगमन गर्ने ।

ब)आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने ।

भ) टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता तथा लक्षित वर्ग आदि सामाजिक सरोकारका विषयमा चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

य) टोलमा रहेका सार्वजनिक, पर्ति, ऐलानी आदि जंगाको संरक्षणमा यस गाउँपालिकालाई सहयोग गर्ने ।

र) चौबिसे गाउँपालिकाको राजश्व परिचालनका लागि सहयोग प्रदान गर्ने ।

ल) संस्थामा प्राप्त रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखा परिक्षण गराउने ।

व) स्थानीय सरकारले गरेका निर्णयहरुको सफल कार्यान्वयनमा सहयोग गर्ने ।

ष) समुह समुदायहरुको जिविकोपार्जन, आयमूलक, उत्पादनमूलक, रोजगारमूलक क्रियाकलापमा लगानी तथा काम गर्ने ।

स) टोलको विकासको सहजताको लागि विविध विषयको उपसमिति गठन गर्ने ।

श) समितिको बैठकमा निर्वाचित जनप्रतिनिधीहरु लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

ह) माथि उल्लिखित बुँदाको हकमा सोही अनुसार र अन्यको हकमा गाउँपालिकासँग आपसी समझदारीमा दिगो तथा बहुआयमिक, सकारात्मक, रचनात्मक आदि कार्यहरु गर्ने ।

क्ष) बचतको विकास गर्ने ।

त्र) प्रत्येक सदस्यको विवरण पासबुकमा रेकर्ड राख्ने ।

**७. सदस्यताः**

संस्थामा सदस्यता देहाय बमोजिम हुनेछः

क) यस विधानको उदेश्य बमोजिम संस्थाप्रती श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलबासी जो निश्चित एउटा भौगोलिक क्षेत्रभित्र टोलमा विकास गर्ने एक घर एक सदस्य यस संस्थाका सदस्य हुनेछन ।

ख) संस्थाले सिमाङ्कन गरेको क्षेत्र भित्र सदस्य बन्न इच्छुक नयाँ टोलबासीलाई संस्थाले तोके बमोजिम संस्थामा दरखास्त दिएमा त्यस्ता टोलबासीलाई सदस्यता प्रदान गरिनेछ ।

**८. सदस्यता नरहनेः**

देहायको अवस्थामा संस्थाको सदस्य रहने छैन ।

क) सदस्यको मृत्यु भएमा ।

ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा । तर संस्थाको निर्णय उपर चित्त नबुझेमा साधारण सभामा पेश गर्ने र साधारण सभाको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगरेमा संस्थाले निर्णय गरी सम्पुर्ण सदस्यलाई जानकारी गराएमा ।

घ) संस्थालाई हानी नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टचार गरेको अभियोग प्रमाणित भइ सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा । तर सम्बन्धित सदस्यलाई सफाई दिने अवसरबाट बन्चित गरिनेछैन । यस सम्बन्धि अन्तिम निर्णय गर्ने अधिकार साधारणसभाको हुनेछ ।

ङ) नेपालको प्रचलित कानूनको निषेध गरेको कार्य गरेमा ।

**९. संस्था गठन एवं कार्य सञ्चालन विधिः**

संस्थाको गठन एवं कार्य सञ्चालन विधि देहाय बमोजिम हुनेछः

क) निश्चित भौगौलिक क्षेत्रका करिब १०० घरधुरीका व्यक्तिहरुको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निर्क्यौल त्यस टोलभित्र बसोबास गर्ने सबै घरधुरी, सो नभए अधिकांश घरधुरी, सो अवस्था पनि नभएमा कम्तिमा ८० प्रतिशत घरधुरीहरुको उपस्थितिमा संस्था गठन गरिनेछ ।

ख) टोल विकास संस्था गठन गर्न उपस्थित भएका व्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा एक एक जना अध्यक्ष उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष र अन्य घरधुरीहरु सदस्य हुनेछन ।

ग) संस्थामा कम्तिमा ५० प्रतिशत महिला सदस्य रहनेछन । अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला हुनेछन ।

**१०. टोल विकास संस्थाको कार्य समितिको बैठकः**

टोल विकास संस्थाको कार्य समितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछः

क) टोल विकास संस्थाका सदस्यहरुको हित, सहयोग एवं समन्वयका लागि टोल विकास संस्था तथा कार्य समितिको बैठक महिनामा कम्तिमा १ पटक नघट्ने गरी बस्नेछ ।

ख) समितिको बैठकमा गाउँपालिकाबाट निर्वाचित जनप्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

ग) सचिवले संस्थाको बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखि प्रमाणित गराउनु पर्नेछ ।

**११. टोल विकास संस्थाका कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

टोल विकास संस्थाका कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

**क) अध्यक्ष**

१.संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।
२. बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।
३. बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।
४. छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।
५. निर्णयहरु लागु गर्ने र गर्न लगाउने ।
६. विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।
७. संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।
८. विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।
९. कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

**ख) उपाध्यक्ष**

१. अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।
२. अध्यक्षको काम तथा जिम्मेवारीमा सक्रियताका साथ सहयोग गर्ने ।

**ग) सचिव**

१. अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने ।
२. एक तिहाइ सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने ।
३. बैठक पुस्तिकामा उपस्थिति गराउने ।
४. छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।
५. संस्थाको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने ।
६. तोकिएको अन्य कार्य गर्ने ।

**घ) सहसचिव**

१. सचिवको अनुपस्थितिमा बैठकको सचिवले गर्ने काम कारवाही गर्ने ।
२. सचिवलाई सक्रियताका साथ सहयोग गर्ने ।

**ङ) कोषाध्यक्ष**

१. संस्थाको आम्दानी र खर्चको विवरण तयार गर्ने ।
२. खर्चको लेखापरिक्षण गराउने ।

३. बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने ।
४. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।
५. संस्थाले दिएको अन्य जिम्मेवारी बहन गर्ने ।

**च)सदस्यहरु**

१. चौबिसे गाउँपालिकासँग भएको साझेदारी पत्रमा उल्लेखित शर्त अनुसार गर्नु पर्ने कामहरु गर्ने ।
२. संस्थाको हिसाब किताब जाँच गर्ने ।
३. संस्थाका पदाधिकारीहरुले गरेका कामहरुको मूल्याङ्कन नियमित रुपमा गर्ने ।
४. आवश्यकता अनुसार संस्था सञ्चालनका लागि नीति नियमहरु बनाउने र सो नियमहरु पालन भए नभएको हेर्ने ।
५. आवश्यकता अनुसार अध्यक्ष, सचिव र कोषाध्यक्षहरुलाई सघाउने ।
६. तोकिएको अन्य कार्यहरु गर्ने ।

**१२. साधारण सभाको गठन र कार्यप्रणालीः**

साधारण सभाको गठन र कार्यप्रणाली देहाय बमोजिम हुनेछः

क) संस्थाको सम्पुर्ण सदस्यहरु रहेको एक साधारण सदस्य हुनेछ ।
ख) साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको उपाध्यक्ष सो नभएमा सचिव र निजको पनि अनुपस्थितिमा संस्थाको ज्येष्ठ सदस्यले गर्नेछ ।
ग) साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

**१३. साधारण सभाको काम, कर्तव्य र अधिकार**

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क)संस्थाको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश भएका विषयमा सल्लाह दिने ।
ख) लेखापरीक्षकको नियुक्ति गर्ने ।
ग) संस्थाको लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने ।
घ) कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।
ङ) कार्य समिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।
च) संस्थाको विधान संशोधन गर्ने ।
छ) आवश्यकता अनुसार सल्लाहको मनोनयन गर्ने ।
ज) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**१४. आर्थिक व्यवस्थापनः**

संस्थाको आम्दानी, खर्च, संचित बचत, लेखा, लेखा परीक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछ ।

**क) संस्थाको देहाय बमोजिम आर्थिक स्रोत हुनेछः**

१. सदस्यहरुबाट उठेको बचत
२. स्थानीय सरकारबाट प्राप्त अनुदान वा बीउपुँजी।
३. विभिन्न सरकारी तथा गैर सरकारी गैरसरकारी संस्थाहरु,विभिन्न सामुदायिक संस्था वा व्यक्तिहरु बाट प्राप्त पुरस्कार वा अनुदान ।
४. टोल विकास संस्थाले आयमुलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी ।
५. संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रुपमा टोल विकास संस्थाको आम्दानी निश्चित प्रतिशत संस्थाको निर्णयानुसार छुट्याउने रकम ।
६. संस्थाले अन्य स्रोतबाट जम्मा गरेको रकम ।
७. अन्य आम्दानी ।
८. प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षण पश्चात विवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।

९. संस्थाको नाममा प्राप्त वा खरिद चल-अचल सम्पत्तीको परिचालन र प्रयोग तोकिए बमोजिम हुनेछ ।

१०. संस्थाको आर्थिक कारोबारलाई व्यवस्थित गर्न संस्थाका पदाधिकारीहरु मध्येबाट कोषाध्यक्ष अनिवार्य रहने गरी अन्य दूईको ऐच्छिक दस्तखतबाट बैंकमा खाता खोल्नुपर्नेछ ।

**ख) खर्च**

१. संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रकम संस्थाको निर्णयानुसार खर्च हुनेछ ।

२. संस्था सञ्चालन, व्यवस्थापन र लेखापरीक्षणका लागि गर्नुपर्ने खर्चहरु टोल विकास संस्थाको नीति बमोजिम खर्च हुनेछ ।

**ग) संचित बचत**

१. टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको संचित बचत मानिनेछ ।

२. संचित बचत संस्थाको निर्णय अनुसार टोलको विकासका लागि खर्च गर्न सकिनेछ ।

**घ) लेखा**

संस्थाको लेखा देहाय बमोजिम हुनेछ ।

१. कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पुर्ण विकास खर्चको विवरण, संस्थाको संचालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्नेछ ।

२. कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास संस्थाको बैठकमा पेश गर्नुपर्दछ ।

**ङ) लेखापरीक्षण**

संस्थाको लेखापरीक्षण देहाय बमोजिम हुनेछः

१. संस्थाको सिफारिसमा गा.पा. ले नियुक्त गरेको लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

२. आवश्यकता अनुसार गाउँपालिकाले पनि संस्थाको आम्दानी खर्चको लेखापरीक्षण गर्न सक्नेछ ।

३. संस्थाले आफ्नो वार्षिक लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित गाउँपालिकामा समेत पेश गर्नुपर्नेछ ।

**१५. कार्यसमिति तथा पदाधिकारीको राजीनामा**

क) समितिका सदस्यहरुले आफ्नो पदबाट राजिनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछ ।

ख) अध्यक्षले आफ्नो राजिनामा उपाध्यक्ष मार्फत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाले निर्णय गरे बमोजिम हुनेछ ।

**१६. कार्य समितिलाई अविश्वासको प्रस्ताव**

कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरु उपर अविश्वास लागे यथोचित कारण देखाई संस्थाका ६० प्रतिशत सदस्यहरुले विशेष साधारण सभा राखी अविश्वासको प्रश्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

**१७. विविध**

क) यो कार्यविधि प्रचलित नेपालको ऐन नियमहरुसँग बाझिएमा बाझिएको बुँदाहरु स्वतः खारेज हुनेछन ।

ख) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा सोको गाउँ कार्यपालिका बैठक तथा गाउँ सभाको निर्णयानुसार फुकाइनेछ ।

ग) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारणसभामा पेश गरिनेछ । साधारणसभामा उपस्थित सदस्यहरुको दुई तिहाइ बहुमतले विधान संशोधन हुनेछ ।

## अनुसूची-२

## टोल विकास संस्थालाई गाउँपालिकामा दर्ता गरने निवेदनको नमुना

मिति : ............................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
चौबिसे गाउँपालिका
राजारानी, धनकुटा ।

<u>विषय : टोल विकास संस्था दर्ता गरने सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा यस गाउँपालिकाद्वारा सञ्चालित वडा नं. ...........को ....................................................................................................टोलमा गठन गरिएको .........................................................टोल विकास संस्थालाई चौबिसे गाउँपालिका कार्यालयमा दर्ता/सूचिकृत गरिदिनुहुन अनुरोध गर्दछु । यस ................................ टोल विकास संस्थाको क्षेत्र निम्न अनुसारको चार कित्ता भित्र समिति रहनेछ ।

पूर्व सिमानाः ......................................
पश्चिम सिमानाः .................................
उत्तर सिमानाः ..................................
दक्षिण सिमानाः ................................

निवेदक
...........................

अध्यक्षको नामः
टोल विकास संस्थाको नामः
ठेगानाः

# चौबिसे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा
१ नं. प्रदेश, नेपाल

# टोल विकास संस्था दर्ता प्रमाण-पत्र

चौबिसे गाउँपालिका वडा नं.............. स्थित ..............................................टोलमा गठन भएको ............................................................टोल विकास संस्थालाई यस कार्यालयमा मितिः ...........................मा सूचिकृत/दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

यस गाउँ कार्यपालिकाको स्वीकृत विधान आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, शहरी सुशासन लगायतका क्षेत्रमा यस टोल विकास संस्थाको सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

.................................
प्रमुख प्रशासकीय अधिकृत
चौबिसे गाउँपालिका

# संस्था गठन तथा माइन्युटको ढाँचा

आज मिति २०७..।..।................गते यस टोलका श्री ...........................को अध्यक्षतामा चौबिसे गाउँपालिका वडा नं. .............को ..............................................................................................................स्थानमा............................ बजे तपशील अनुसारको उपस्थितिमा देहाय बमोजिमका प्रस्तावहरुमा छलफल तथा निर्णयका लागि बैठक प्रारम्भ गरियो ।

**आम भेलाको उपस्थिति विवरण**

| सि.नं. | नामथर | ठेगाना | फोन नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |
| १९ | | | | |
| २० | | | | |
| २१ | | | | |
| २२ | | | | |
| २३ | | | | |
| २४ | | | | |
| २५ | | | | |

प्रस्तावहरु

१. टोल विकास संस्था गठन सम्बन्धमा ।

२.कार्य समिति गठन सम्बन्धमा ।

३. टोल विकास संस्थाको विधान पास गर्ने सम्बन्धमा ।

४. विविध ।

निर्णयहरुः-

१. ..............................................

२..............................................

३..............................................

४..............................................

## पदिय जिम्मेवारी तथा विवरण

| सि.नं. | नामथर | पद | परिवार संख्या | | | फोन नं. |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| १ | | अध्यक्ष | | | | |
| २ | | उपाध्यक्ष | | | | |
| ३ | | सचिव | | | | |
| ४ | | सहसचिव | | | | |
| ५ | | कोषाध्यक्ष | | | | |
| ६ | | सदस्य | | | | |
| ७ | | सदस्य | | | | |
| ८ | | सदस्य | | | | |
| ९ | | सदस्य | | | | |
| १० | | सदस्य | | | | |
| ११ | | सदस्य | | | | |
| १२ | | सदस्य | | | | |
| १३ | | सदस्य | | | | |
| १४ | | सदस्य | | | | |
| १५ | | सदस्य | | | | |